**आदरणिय शेयर सदस्य तथा सुभचिन्तक ज्यू**

**बिषय शेयर खुल्ला गरिएको सम्बन्धमा ।**

**महोदय,**

**उपरोक्त सम्बन्धमा यस जय मनकामना बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिको मिति २०७३।०९।२६ गते बसेको बैठकको निर्णय अनुसार सदस्यहरुको मागलाई मध्यनजर गर्दै शेयर खुल्ला गरिएको सुचना प्रकाशित गरिएको छ ।**

**संस्थाको बारेमा र यसको उदेश्यबारे सक्षिप्त जानकारी**

सहकीलाई एउटा सशक्त आन्दोलनको रुपमा विकास गरी स्थानीयरुपमा समाधान गर्न सकिने समस्यालाई स्थानिय पहलमा हल गर्ने प्रयासअनुरुप लामाचौरका केही उत्साही उद्यमी युवा एवं बुद्धिजीवीहरुको पहलमा २०५५ सालमा अनौपचारिक रुपमा र सहकारी ऐन-२०४८ को दफा ५ बमोजिम २०५७ जेठ १७ गते यस जय मनकामना बचत तथा ऋण सहकारी संस्थाको स्थापना भई सञ्चालनमा आएको हो ।

समान आकांक्ष र उद्देश्य भएका मानिसहरुबीच समन्वय गरी संस्थाले निरन्तर रुपमा कार्य सञ्चालन एवं सम्पादन गर्दै आएको छ । स्थापनाकालदेखि नै यस संस्थाले छरिएर रहेको पुँजीलाई बचतको रुपमा संकलन गरी सदस्यहरुमा बचतको बानी बसाल्ने, संस्था मार्फत व्यवसाय सञ्चालन गर्ने एवं संकलित रकमलाई सरल रुपमा सदस्यहरुलाई कर्जाको रुपमा प्रवाह गरी आयमूलक क्षेत्रहरुमा लगानी गरी सदस्यको व्यक्तिगत एवं संस्थागत हितलाई ध्यानमा राखी वित्तीय सेवामा अग्रणी भूमिका खेल्ने उद्देश्य यस संस्थाले लिएको छ ।

स्थानीय उद्यमी, समाजसेवी तथा बुद्धिजीवीहरुको सक्रिय सहभागिता र संरक्षकत्वमा यस संस्थाले पारदर्शी व्यवस्थापन मार्फत दक्ष जनशक्ति लिएर बचतकर्ताहरुको निक्षेपलाई अझ प्रभावकारी ढंगले परिचालन गर्ने लक्ष लिएको छ । संस्थाले ग्राहकलाई छिटो छरितो सेवा प्रदान गर्न नयाँ कम्प्यूटर सफ्टवेयरबाट कारोबार सञ्चालन गर्दै आएको छ । भविष्यमा एक प्रतिष्ठित को-अपरेटिभ बैंकको रुपमा विकसित गर्ने यस संस्थाको उद्देश्य रहेको छ ।

**उद्देश्यः**

- संस्थामा संलग्न सदस्यहरुबीच पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानीको सिर्जना गर्ने ।
- नियमित रुपमा बचत संकलन गर्नुका साथै उनीहरुले गरेका बचतमा घोषित ब्याज प्रदान गर्ने
- उत्पादनशील, आयमूलक, सीपमूलक, उद्योग, व्यापार तथा अन्य शीर्षकमा संस्थाका सदस्यलाई उचित ब्याजदरमा ऋण प्रदान गर्ने ।
- सदस्यहरुको आवश्यकता अनुसार र माग बमोजिमको परियोजनामा लगानी गर्ने ।
- विश्वासिलो, भरपर्दो, सुरक्षित तथा सर्वसुलभ वित्तीय सेवा प्रदान गर्ने ।
- आवधिक बचत बाहेक अन्य सबै बचतमा त्रैमासिक ब्याज प्रदान गर्ने ।
- विदेशमा रहेका आफन्तले पठाएको पैसा सहजरुपमा प्राप्त गर्न रेमिटेन्स सेवा प्रदान गरिने ।
- ग्राहकको आवश्यकता र माग अनुरुप सेवाहरु थप गर्दै जाने ।

**छिटोमा बन्द हुन सक्ने मिती २०७३।११।२९ गते सम्म**

**आबेदन संकलन भई सकेपछि संस्थाको निति नियम बमोजिम छानबिन गरि सदस्यता प्रदान गर्ने सम्पुर्ण अधिकार समितीमा रहनेछ ।**

**सचिब**